# “चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरूका लागि शैक्षिक सेवाहरूका” वेबपेज

## प्रयोगकर्ताको मार्गनिर्देशक

http://www.edb.gov.hk/ncs मा थिच्नुहोस् वा

1. शि.वि. को वेबसाईटमा जानुहोस् (http://www.edb.gov.hk)
2. होमपेजमा जानको लागि भाषा छान्नुहोस्
3. “विद्यार्थीहरू र अभिभावक सम्बन्धी” छान्ने > “चिनियाँ भाषा नबोल्ने (एनसीएस) विद्यार्थीहरू”




## वेबपेजको विवरण

शि.वि. ले सबै एनसीएस विद्यार्थीहरूलाई स्थानीय शैक्षिक प्रणाली अपनाउन तथा जति सक्दो चाँडो समुदायमा एकिकृत पार्न सहयोग गर्नै दायित्व बोकेको छ ।

केही एनसीएस विद्यार्थीहरूले स्थानीय विद्यालयमा अध्ययन गर्दा सिकाइमा कठिनाइहरू तथा घुलमेलमा समस्याहरू आई पर्छन् यस्तो अवस्थामा विद्यालयहरू, शिक्षकहरू तथा अभिभावकहरूको राम्रो हेरचाह तथा सहयोगको आवश्यकता हुन्छ । त्यसकारण यी विद्यार्थीहरूले स्थानीय शिक्षा प्रणालीलाई अपनाउन र समुदायमा छिटो एकिकृत गर्न सक्छन् । शि.वि. ले विभिन्न विद्यालय प्रशासन, शिक्षकहरू तथा अभिभावकहरूलाई सामान्य सिकाइमा मनोरञ्जन प्रदान गर्न सहायता सेवाहरू उपलब्ध गरेको छ जुन एनसीएस विद्यार्थीहरूले आर्जन गर्न आवश्यक छ । यो सूचना कार्यपद्धतिले एउटा विधुतिय माध्यमबाट सुचनाहरू उपलब्ध गराउँछ जसबाट विद्यालय प्रशासकहरू, शिक्षकहरू, अभिभावकहरू तथा एनसीएस विद्यार्थीहरूको शिक्षाको सार्वजनिक हेरचाहको बारेमा उपयोगी जानकारीहरू तथा सम्बन्धित स्रोतहरू तुरुन्तै पाउन सकिन्छ । निम्न जानकारीहरु तथा स्रोतहरू उपलब्ध गरिएका छन्:

- सङ्युक्त विश्वविद्यालय कार्यक्रम भर्ना प्रणालीको लागि चिनियाँ भाषामा वैकल्पिक योग्यताको स्वीकार - नयाँ शैक्षिक ढाँचाको अधीनमा सबै विश्वविद्यालय ग्रान्ट समितिबाट सहयोग प्राप्त संस्थाले विशेष अवस्थाहरू पूरा गरेका विद्यार्थीहरूका लागि जीसीएसइ (चिनियाँ), आईजीसीएसइ (चिनियाँ), जीसीइ एएस-तह वा ए-लेभल (चिनियाँ) को साथमा वैकल्पिक चिनियाँ योग्यता निरन्तर स्वीकार गर्नेछ ।

# "चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरूका लागि शैक्षिक सेवाहरूका" वेबपेज

- प्रावधान र सहायता
  - विद्यालयहरूका लागि– एनसीएस विद्यार्थीहरूका लागि विभिन्न प्रकारका सेवाहरू प्रदान गर्न । सिक्न र विकास गर्नमा एनसीएस विद्यार्थीहरूलाई सहायता गर्न विद्यालयहरूका लागि विभिन्न प्रकार का सहायता सेवाहरू प्रदान गरिएको ।
  - शिक्षकको लागि – शिक्षकहरूका लागि विभिन्न प्रकारका सहयोगी सेवाहरू प्रदान गरिएको ताकि उनीहरू एनसीएस विद्यार्थीहरूलाई उपयुक्त सहायता प्रदान गर्न सक्षम हुनेछन् ।
  - अभिभावकहरू र विद्यार्थीहरूका लागि – एनसीएस अभिभावकहरू र विद्यार्थीहरूका लागि सहायता सेवाहरु प्रदान गरिएको साथमा शिक्षा सेवाहरू जानकारीको प्रावधान , प्राथमिक एक भर्ना प्रणाली, माध्यमिक विद्यालय स्थान विभाजन प्रणाली, पेशा मार्गदर्शन र इडीबी भन्दा बाहिर सेवा प्रदान गरिएको ।
  - विद्यालयहरू र शिक्षकहरूका लागि प्रावधान र सहायतामा विशेष क्रमहरू साथमा पावरपोइन्ट प्रस्तुती, भिडियोबाट बाँड्ने सेसनहरू र असल सिकाइ र सिकाउने अभ्यासको उदाहरणहरू, आदि ।
- यस्ता एनसीएस विद्यार्थीहरूको आवश्यकताहरू सम्बोधन गर्दै शि.वि. ले शैक्षिक सेवाहरू उपलब्ध गराउँछ ।
- विभिन्न शिक्षाका सेवाहरूको बारेमा लगातार प्रश्नहरू तथा नयाँ जानकारीहरूका लागि सम्बन्धित वेबसाइटहरू र

रुचिको शीर्षक अन्तर्गत सामाग्रीहरूको सूची प्रदान गरिएको छ, जहाँ एनसीएस समुदायहरू र उनीहरूका सेवाहरुलाई सेवा गर्ने गैरसरकारी संस्थाको नामहरू जस्ता उपयोगी जानकारीहरू एनसीएस अभिभावकहरूले पाउन सक्छन्, किन्डर सूची / किन्डर्गाटनको साथमा बाल वास्ता केन्द्रले गैरस्थानीय पाठ्यक्रम लागु गर्दै, चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरूका लागि विशेष रूपले व्यवस्था गरिएको विद्यालयमा आधारित सहायता कार्यक्रमहरूको साथमा विद्यालयको सूची र नयाँ शिक्षा सुरुवातमा जानकारीको पर्चा, जुन अङ्ग्रेजीमा लेखिएको र केही अल्पसङ्ख्यक भाषाहरू, आदिमा लेखिएका छन् । यो वेबसाइटमा तपाईंलाई स्वागत छ ।